# भाग २

## नेपाल सरकार
## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७५ को ऐन नं. २६**

## सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ मा संशोधन** : सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) को उपखण्ड (२) मा रहेका "कुनै वस्तु" भन्ने शब्दहरु पछि "वा सोको सार तत्व" भन्ने शब्दहरु थपिएका छन्।

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले निजी जग्गामा लोपोन्मुख बनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा प्राकृतिक रुपमा उम्रिएको लोपोन्मुख बनस्पति हुर्काउन, सोको नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न सक्नेछ ।"

४. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिमको ढाँचामा" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) को खण्ड (ङ) र (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि लोपोन्मुख बनस्पति र वन्यजन्तु वा सोको नमूनाको निकासी गर्दा निकासी हुने मुलुकले दिएको त्यस्तो अनुमतिपत्र तथा आश्वासनपत्र आवश्यक पर्ने छैन ।"

६. **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर कुनै व्यक्तिले निजी जग्गामा संरक्षित बनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा प्राकृतिक रुपमा उम्रिएको संरक्षित बनस्पति हुर्काउन, सोको नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न त्यस्तो अनुमतिपत्र लिनु पर्ने छैन ।"

७. **मूल ऐनको दफा १३ मा संशोधन** : मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) मा रहेका,-

(क) "वा कुनै सङ्कटापन्न बनस्पति रोपेको, हुर्काएको" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) "यो ऐन प्रारम्भ भएको एक बर्षभित्र" भन्ने शब्दहरुको सट्टा "तोकिएको अवधिभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ-ठाउँमा रहेका "वा वनस्पति" भन्ने शब्दहरु झिकिएका छन् ।

८. **<u>रुपान्तर</u>** : मूल ऐनको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छ :-

(क) "वन विभाग" भन्ने शब्दहरुको सट्टा "वन तथा भू-संरक्षण विभाग" भन्ने शब्दहरु,

(ख) "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरु ।

प्रमाणीकरण मितिः २०७५।११।१०

**आज्ञाले,**
**राजीव गौतम**
**नेपाल सरकारको सचिव**